# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम

## प्रेश विज्ञप्ती

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ को व्यवस्था बमोजिम मिति २०७९ असोज ३० गते आइतबारका दिन माननीय प्रदेश प्रमुख समक्ष २०७८ साल साउन १ गते देखि २०७९ साल असार मसान्तसम्म आयोगबाट सम्पादित काम कारवाहीहरू समेटिएको तेश्रो वार्षिक प्रतिवेदन पेश गरिएको छ । प्रतिवेदनमा आयोगको गठन र कार्यक्षेत्र, आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिती, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, विज्ञापन र दरखास्त, परीक्षा र परीक्षण, अन्तर्वार्ता र सिफारिस, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति, परामर्श र उजुरी, ध्यानाकर्षण र सुझाब शिर्षकका १० परिच्छेदहरूमा प्रस्तुतिकरण समेटिएको छ ।

### आर्थिक वर्ष २०७८/०७९ को अवधिमा आयोगबाट सम्पादन भएका कार्य सम्बन्धी मुख्य तथ्यहरू:

- प्रदेश सरकारबाट २१ (एक्काइस) जनाको अस्थायी दरबन्दी संरचना मात्रै स्वीकृत भई हाल काजका ८ (आठ) जना र करारका ८ (आठ) जना कर्मचारीहरू आयोगको कार्यसम्पादनमा संलग्न रहेका छन् ।
- प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदका लागि २२ वटा पाठ्यक्रमहरू निर्माण भइ स्विकृत भएको छ ।
- मिति २०७८।०४।२८ गते प्रदेश निजामती सेवाका सहायक पाँचौ र सहायक चौथो तहका बढुवा तर्फ ७८, अन्तरसेवा तर्फ १४, खुला तर्फ ८९ र समावेशी तर्फ ६५ गरी जम्मा २४६ पदसंख्याको लागि १०८ वटा विज्ञापन सूचना आह्वान भएको थियो ।
- प्रदेश निजामति सेवाको अन्तरसेवा, खुला र समावेशी लिखित परीक्षामा सामेल हुन १४,०३० जना महिला र ३२२५० जना पुरूष गरी कुल जम्मा ४६,२८० जना उमेदवारले दरखास्त दिएका छन् । उक्त दरखास्त फारमहरू स्विकृत गर्ने काम सम्पन्न भएको छ ।
- प्रश्नपत्र सम्वन्धमा २२५ सेट कच्चा प्रश्नपत्र निर्माण, १३५ सेट परिमार्जित प्रश्नपत्र तयारी गरि ४८ सेट प्रश्नपत्र प्रयोग गरिएको छ ।
- प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवाका अधिकृत नवौं तह (अप्राविधिक/प्राविधिक) पदको २८ वटा विज्ञापन सूचनाको लिखित परीक्षा संचालन गरी उत्तरपूस्तिका परीक्षण सम्पन्न भई नतिजा प्रकाशनको क्रममा रहेको छ ।
- उक्त अवधिमा प्रदेश निजामती सेवाका इञ्जिनियरिङ्ग सेवाका अधिकृत सातौ तहको ११ वटा विज्ञापन सूचनाको मिति २०७८।०७।१५ गते लिखित नतिजा प्रकाशन, अन्तरवार्ता कार्यक्रम संचालन र २४ पदको लागि १७ जना प्रदेशका विभिन्न मन्त्रालयहरूमा मिति २०७८।०९।०३ गते सिफारिश गर्ने काम भएको छ ।

- आयोगबाट मिति २०७८।१।१२ मा पदपूर्ति सम्वन्धी कार्यतालिका स्वीकृत गरि विज्ञापन लगायतका काम कारवाही अगाडि बढाईएको छ ।
- ppsconline.p2.gov.np सहज अनलाइन फारम भर्ने सम्वन्धी आयोगले आधिकारिक वेव साइट प्रयोगमा ल्याएको छ ।
- दक्ष र विज्ञको सूचीमा नाम आयोगमा सूचीकृत गर्न आयोगको वेवसाइट ppsc.p2.gov.np मा अनलाइन फारम भर्ने व्यवस्था मिलाइएको छ ।
- कार्यसम्पादनको सिलसिलामा प्रतिवेदन अवधिमा आयोग सम्वन्धी ११८, परीक्षा सम्वन्धी ९० र पाठ्यक्रम सम्वन्धी २२ गरी २३० पटक बैठक बसी विभिन्न विषयहरूमा निर्णयहरू लिइएका छन् ।
- विज्ञापित पदहरूको परीक्षा संचालन सम्वन्धी तालिका प्रकाशन र लिखित परीक्षा संचालन आयोगको प्राथमिकताको कार्यसूचीमा रहेका छन् ।

यस अवधिमा पर्न आएका दरखास्तहरूको वर्गीकरण विभिन्न आधारमा प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

आयोगको क्षेत्राधिकार भित्र पर्ने विषयहरूमा आयोगसँग परामर्श नै नलिईएको सम्वन्धमा प्रदेश सरकार गम्भीर बन्ने अपेक्षा समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यसका साथै केही महत्वपूर्ण नीतिगत विषयहरूमा यस प्रतिवेदन मार्फत प्रदेश सरकारलाई सुझाबहरू दिईएको छ ।

गंगेश गुंजन झा
उपसचिव एवम् प्रवक्ता

२०७९ साल असोज ३० गते आइतबार ।